जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

# २०७४ माघ महिनाको विपदसँग सम्बन्धित प्रतिवेदन

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, सिन्धुपाल्चोक

२०७४।११।०२

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com






तस्वीर ; जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको रेडियो कक्षमा सुचना आदान-प्रदान गर्दै रेडियो अपरेटर

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com



## १. आपतकालीन कार्यसञ्चालन केन्द्र

जिल्लाको उत्तरमा रहेको सिन्धु नदी र पाल्चोक भगवतीको नामबाट नामाकरण गरिएको मध्य क्षेत्रको बागमती अञ्चलमा पर्ने सिन्धुपाल्चोक जिल्ला २७.२७ उत्तर देखि २८.१३ उत्तरी आक्षांस र ८५.२७ पूर्व देखि ८६.०६ पूर्व देशान्तरमा अवस्थित रहेको छ। नेपाल राष्ट्रको कुल क्षेत्रफल मध्ये १ भाग (७३%, ओगटेको सिन्धुपाल्चोक जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको १९ वटा जिल्लाहरु मध्ये क्षेत्रफलका दृष्टिले सबैभन्दा ठुलो जल्ला हो। यस जिल्लाको क्षेत्रफल २४४२ वर्ग कि.मि. को छ। यस जिल्लाको उत्तरमा चिनको स्वसासित क्षेत्र तिब्बत, पुर्वा दोलखा, दक्षिणमा रामेछाप र काभ्रे, पशिचममा काठमाण्डौ र नुवाकोट जिल्ला रहेका छन्। नँया संरचना अनुसार सिन्धुपाल्चोक जिल्लामा ३ नगरपालिका तथा ९ ओटा गाँउपालिका रहेका छन्। नगरपालिकाहरु – चौतारा साँगाचोकगढि नं.पा.,बाह्रबिसे नगरपालिका, मेलम्ची नगरपालिका, तथा गाँउपालिकाहरुमा ईन्द्रावती गाँउपालिका, जुगल गाँउपालिका, पाँचपोखरी गाँउपालिका, बलेफी गाँउपालिका, भोटेकोसी गाँउपालिका, लिसंखुपाखर गाँउपालिका, सुनकोसी गाँउपालिका, हेलम्बु गाँउपालिका तथा त्रिपुरासुन्दरी गाँउपालिका रहेका छन्।


जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

सिन्धुपाल्चोक जिल्लामा विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट उच्च प्रभावित जिल्ला हो। जिल्लामा हरेक वर्ष विपदका कारण जनधनको अपूरणीय क्षति भइरहेको छ। सिन्धुपाल्चोक जिल्लामा विपद् सम्बन्धि धेरै ठुला-ठुला घट्नाहरु घटिसकेको पाईन्छ। जस्तै २०७१ को जुरे पहिरो, २०७२ को भूकम्प, २०७३ को भोटेकोसीको बाढि,२०७४ सालको पहिरोबाट लार्चा पुलको क्षति भएको पाईन्छ। जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रले जिल्लाको विभिन्न सुरक्षा निकायबाट प्राप्त सुचनाको संकलन, अध्याविक गर्ने र सहि सुचना क्षेत्रीय तथा राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्र सम्म पुर्याउने कार्य गर्दछ। विपदको समयमा त झन् यो केन्द्र अझ सक्रिय रहने गर्दछ।

## २. सुरक्षा निकायको अवस्थिति

| क्र.सं. | सुरक्षा निकाया | युनिट संख्या | स्थान/युनिट |
|---|---|---|---|
| १ | नेपाली सेना | ४ | चौतारा, मेलम्चि, लामोसांघु र बाहबिसे |
| २ | नेपाल प्रहरी | ३१ | जिल्ला प्रहरी कार्यालय(१), ईलाका प्रहरी कार्यालय(४), सिमा प्रहरी चौकी(१), प्रहरी चौकी(१८), अस्थायी प्रहरी पोष्ट(३), जिल्ला ट्राफिक(१), कासु गार्ड(१), प्रजिअनिसु गार्ड(१) र जि.अ.स.सु.प्र.ई. सिपा (१) |
| ३ | सशस्त्र प्रहरी | ९ | चौतारा, किउल, तातोपानी, मुडे, अँधेरी, मेलम्चि, लामोसाँघु, वनदेउ र बाहबिसे |

सिन्धुपाल्चोक जिल्लाको नक्शा




## ३.जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको हालसम्मको गरेको कार्यहरु

- जिल्ला दैवी प्रकोप उदार समिति (DDRC) र जिल्ला विपद् व्यवस्थापान तथा पुर्वतयारी समिति (DMPC) सँगको समन्वयमा काम गर्ने गरिएको ;
- जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यकक्ष रेडियो सञ्चालन कक्षको व्यवस्थापन गरिएको ;
- नयाँ संरचना अनुसार ३ वटा नगरपालिका र ९ वटा गाउँपालिकाको कार्यकारी अधिकृत तथा वडा सचीवहरुको सम्पर्क नम्बर तथा नयाँ संरचनाको बारेमा अध्यावधि गरिएको ;
    - सिन्धुपाल्चोक जिल्ला स्थित सरकारी कार्यालयको सुचना अधिकृतहरुको टेलिफोन नम्बरहरु राख्ने तथा अध्यावधिक गरिएको;
    - सिन्धुपाल्चोक जिल्ला स्थित सरकारी कार्यालयक राजनीतिक दलका पार्टि प्रमुख तथा प्रतिनिधीहरुको टेलिफोन नम्बर केन्द्रमा राख्ने काम गरिएको;

- सिन्धुपाल्चोक जिल्लामा कार्यरत गाउँपालिका तथा नगरपालिकाको कार्यकारी अधिकृत वडा सचिवहरुको नयाँ संरचना अनुसार सम्पर्क नम्बरहरु अध्यावधिक गरिएको ;
- विपद् जोखिम संग सम्बन्धित घट्नाहरु (बाढी, पहिरो, आगलागी, सवारी दुर्घट्ना आदी) को संकलन, व्यवस्थापन तथा जाहेरी गर्ने जस्तो घट्नाहरुको मासिक रुपमा सुचना पार्टीमा राखिएको र मासिक प्रतिवेदन तयार गरिएको;
- राष्ट्रिय आपतकालीन सञ्चालन केन्द्रको सुचना राख्ने वेवसाईट www.drrportal.gov.npadmin मा विपद्संग सम्बन्धित घट्ना तथा मासिक प्रतिवेदन राखिएको तथा केन्द्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र एवंम् क्षेत्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रमा खबर तथा सुचना आदान-प्रदान गर्ने गरिएको ;
- ३ वटा नगरपालिका तथा ९ वटा गाँउपालिकाको स्थानिय निकायमा निर्वाचित जनप्रतिनिधिहरु मेयर, उपमेयर, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुको सम्पर्क नम्बर अध्यावधिक गरीएको छ ;
- रेडियो सञ्चालन कक्षमा रहेको सञ्चारको माध्यम VHF सेटबाट विपद् सम्बन्धि सुचना आदान – प्रदान गर्ने कार्य गरिएको ;
- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा रहेको सम्पुर्ण महत्वपुर्ण सामाग्रीहरु सुरक्षित संग राखिने जस्ता महत्वपुर्ण कार्यहरु भएका छन् ।
- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको वेवसाईट सुचना व्यवस्थापन प्रणाली www.implatformnepal.com/sindhupalchowk/admin मा सुचनाहरु अध्यावधि हुने कार्यहरु भएको ;

## ४. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र सिन्धुपाल्चोक जिल्लाको सुचना व्यबस्थापन प्रणालीको वेवसाईट सञ्चालनमा

सिन्धुपाल्चोक जिल्ला बाढी, पहिरो, आगलागी, महामारी, खडेरी, चट्याङ जस्ता नियमित प्रकृतिका प्राकृतिक तथा मानव निर्मित प्रकोप तथा भूकम्प जस्ता कहिले काहीँ जाने र ठूलो मात्रामा जनधनको क्षति हुने प्रकोपका हिसावले सिन्धुपाल्चोक जिल्ला उच्च जोखिममा रहेको छ । सम्भावित विपद् र यसको जोखिमको अवस्थालाई मध्यनजर राख्दै सम्बन्धित निकायहरू र साझेदार संस्थाहरूले प्रभावकारी विपद् प्रतिकार्य तथा उद्धारका लागि केन्द्रमा राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, क्षेत्रमा क्षेत्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रले समन्वय गरी कार्य गर्ने गरिएको छ । विगतको विनाशकारी भूकम्प, विगतमा घटेको भोटेकोशीको वाढि, जुरेको पहिरो, बर्षेनी हुने यातायात दुघर्टना, २०७२ सालको भूकम्प र अन्य साना पहिराहरूबाट हरेक वर्ष मानवीय, भौतिक, आर्थिक, सामाजिक क्षति भइरहेको छ । प्राकृतिक श्रोतमा अतिक्रमण, अव्यवस्थित विकास निर्माण र बस्ती विकास, जलवायु परिवर्तन, बढदै गएको जनसंख्या, भू–उपयोग योजनाको

निर्माण नहुनु, विपद जोखिम र जलवायु उत्थानशीलताका विषयलाई विकास निर्माणका प्रक्रियामा प्राथमिकतामा राख्न नसक्नु क्षतिको पहिलो कारण हो।

सिन्धुपाल्चोक जिल्लामा अवस्थित जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रले सम्पुर्ण सिन्धुवासीहरुलाई विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा तथा विपद्को समयमा आवश्यक पर्ने महत्वपुर्ण सुचनाहरु आदान प्रदान गर्नको निमित्त जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको सुचना व्यवस्थापन प्रणाली नामक वेवसाइटको निर्माण गरीएको छ। नेपालको भूकम्प प्रभावित क्षेत्रहरुमा पुनर्निमाणका लागि समुदायमा आधारित समावेशी विपद् पूर्वतयारी प्रवर्द्धन कार्यक्रम टुकी संघ सुनकोसी सिन्धुपाल्चोक/सेभ द चिल्ड्रेनको साझेदारी परियोजनाको सहयोगमा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र सिन्धुपाल्चोकको सुचना व्यवस्थापन प्रणालीको वेवसाईट निर्माण गरीएको हो। यस वेवसाईटको मुख्य कार्य भनेकोनै यस सिन्धुपाल्चोक जिल्लामा विपद्को समयमा पुर्वतयारी रहनको निमित्त तथा विपद्को समयमा सम्पुर्ण सिन्धुवासी दाजुभाई दिदि बहिनीहरुले सिन्धुपाल्चोक जिल्लाको सिनारियो तथा महत्त्वपुर्ण आकस्मिक नम्बरहरु एम्बुलेन्स, सुरक्षा निकायको सम्पर्क नम्बरहरु जिल्ला व्यवस्थापन समितिको महत्वपुर्ण सुचनाहरुको बारेमा जानकारी लिन सक्दछन्। जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकको सुचना व्यवस्थापन प्रणालीको वेवसाईटको ठेगाना - http://implatformnepal.com/sindhupalchowk/ रहेको छ। यसै गरेर जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकको सम्पर्क नम्बर **०११-६२०४७०** मा समुदायमा घटेका विपद् सम्बन्धि घट्नाहरु बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, खडेरी, चट्याङ तथा सवारी दुर्घट्ना जस्ता नियमित प्रकृतिका प्राकृतिक तथा मानव निर्मित प्रकोप एवम् घट्नाहरुको बारेमा जानकारी आदान प्रदान गर्न सकिन्छ। यदि सल्लाह सुझाब दिनको निमित्त जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकको ईमेल ठेगाना – deoc.sindhupalchok@gmail.com रहेको छ। यस कार्यालयलाई एक मिडिया हब तथा सुचना केन्द्र र विपद् जोखिम न्यूनिकरणको निमित्त पूर्वतयारी रहनको निमित्त तथा पुर्व चेतावनी प्रणालीको निमित्त महत्तवपुर्ण सुचनाहरु पनि प्राप्त गर्न सकिनेछ।

## ५. माघ महिनाको विपदको अवस्था

सिन्धुपाल्चोक जिल्लाको माघ महिनाको विपद् सम्बन्धि क्षतिको अवस्था यस प्रकार रहेको छ।

| मिति अवधि | घटना/घट्ना संख्या | मृत्यु | वेपत्ता | घाईते | गोठ क्षति | पशु चौपाया क्षती | अनुमानित क्षति (रु.) |
|---|---|---|---|---|---|---|---|
| २०७४।०९।०१ देखि २०७४।०९।३० सम्म | आगलागी -१ | ० | ० | ० | ० | ० | (मानवीय तथा चौपाया एवंम् धनजनको कुनैपनि क्षति नभएको |

**स्रोत: जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र**

## ६. माघ महिनाको सवारी दुर्घट्नाको अवस्था

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com

सिन्धुपाल्चोक जिल्लाको माघ महिनाको सवारी दुर्घट्ना सम्बन्धि अवस्था यस प्रकार रहेको छ।

| मिति अवधि | घटना/घट्ना संख्या | मृत्यु | वेपत्ता | घाईते |
|---|---|---|---|---|
| २०७४।१०।०१ देखि २०७४।१०।३० सम्म | सवारी दुर्घट्ना - ४ | ४ | ० | २१ |

**स्रोत: जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र**

## ७. घटनाको विवरण

माघ महिनामा विपद् सम्बन्धि घट्नाहरुमा आगलागी र सवारी दुर्घट्ना जस्ता घट्नाहरु घटेका छन्। यस महिनामा सिन्धुपाल्चोक जिल्लामा विपद् सम्बन्धि घट्ना आगलागी २ र सवारी दुर्घटनाको ४ रहेका छन्। विषेश गरेर सिन्धुपाल्चोक जिल्लाको हिमाली तथा पहाडी भुभागमा हिमपात भएतापनि अन्न बाली तथा चिसोको कारणले खासै क्षतिको सामचार तथा सुचना जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छैन्। माघ महिनामा सिन्धुपाल्चोकमा घटेका घट्नाहरु निम्नलिखित रहेका छन्।

### सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाँउपालिका वडा नं.- ७ मा मिनि ट्रकको ठक्करबाट एकको मृत्यु

आज मिती २०७४।१०।०१ गते अं १९:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक हेलम्बु गा.पा वडा नं -७ पातलथुङ स्थित कुटुङसाङ जाने कच्ची सडक खण्डमा चनौटे बाट कुटुङसाङ जादै गरेको बा ५ ख ८३७ नं को मिनि ट्रकले ऐ.ऐ बस्ने बर्ष ५६ को पैदल यात्रि नुर्पु तामाङ लाई ठक्कर दिदा घटना स्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुना साथ यस ईलाका प्रहरी कार्यालय मेलम्ची बाट प्र.नि. पशुराम मल्लको कमाण्डमा-७ जनाको टोली खटी गई मिनि ट्रक र चालक लाई नियन्त्रणमा लिई यस का.को नियन्त्रणमा,लाश घटना स्थलमा नै रहेको, लाशको मुचुल्का कार्य भैरहेको,उक्त स्थान यस का. बाट अं २०/२२ कि.मि उत्तर पर्ने लास:-मुचुल्का पस्चात ऐ.२२ :०० बजे प्र.स्वा.के.मेलम्चि ल्याउदै गरेको व्यहोरा जिल्ला आपतकालिन कार्य सन्चालन केन्द्रलाई प्राप्त भएको छ।

### सिन्धुपाल्चोक जिल्ला बलेफी गाँउपालिका वडा नं.- ४ मा बलेरो दुर्घट्ना हुँदा दुई घाईते

मिति:-२०७४।१०।०४ गते अ. १३;०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक बलेफि गा.पा. ४ आपबोटे स्थित भित्रि कच्चि सडक खण्डमा बलेफि बाट जलबिरे तर्फ जादै गरेको बा.१४ च. ५६७२ नं.को बलेरो गाडि स्टेनिङ फेल भई अ. ५० मिटर बाटो बाट तल खस्दा चालक जिल्ला काठमाण्डौ काडाघारी बस्ने अ. वर्ष ३८ को राम लाल श्रेष्ठ हात र आखामा चोट अवस्था मध्यम ऐ.गाडिमा सवार जिल्ला काठमाण्डौ लोकनथलि १ बस्ने बर्ष ४६ को धर्मलाल श्रेष्ठ सामान्य घाईते भई उपचारको लागि धुलिखेल अस्पताल पठाएको सवारी घटना स्थलमा रहेको उक्त स्थानमा प्रहरी चौकि बलेफीबाट प्र.स.नि.को कमाण्डमा टोलि खटिगएको उक्त स्थान चौकि बाट ३ कि.मि. उतर पर्ने व्यहोरा जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको अवगत गराईन्छ।

### सिन्धुपाल्चोक जिल्लाको पाचपोखरी गा.पा – ४ को नागिडाडा सामुदायिक बनमा आगलागी

मिति:-२०७४।१०।०४ गते अ.१५;४० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक पाचपोखरी थाङपाल गा.पा.४ नागिडाडा स्थित रहेको नागिडाडा समुदायिक बनामा अचानक आग्लागि भएको भन्ने खबर प्राप्त हुन साथ यस मानेखर्क चौकि बाट प्र.स.नि.को

कमाण्डमा टोलि खटिगएको आगो प्रहरी स्थानिय बनको कर्मचारीले निभाउने कार्य भै रहेकोमा ऐ. १७:०० बजे आगो पूर्ण रुपमा नियन्त्रणमा आएको मानबिय तथा चौपाया क्षति नभएको उक्त स्थान चौकि बाट २ कि.मि. उतर पर्ने व्यहोरा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको छ ।

## सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढि नं.पा.- १४ मा ट्रिपर अचानक व्याक भई दुर्घट्ना हुँदा आठ घाईते

मिति २०७४/१०/५गते अं २०:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका वडा नम्बर १४ डडुवा स्थित भित्री सडक खण्डको सार्की गाउं घुम्तीमा बा ५ ख २२१ नम्बरको टिपरमा ढुङगा लोड गरी जांदै गर्दा अचानक ब्याक भई सडकमै पल्टन जांदा निम्न स्थान बस्ने निम्न मानिसहरु घाईते भई उपचारको लागी धुलिखेल तर्फ पठाईएको ,चालक फरार रहेको, बाटो अबरोध नभएको उक्त स्थानमा प्रहरी चौकी साँगाचोकबाट प्र.ह. को कमाण्डमा ४ जनाको टोलि खटि गएको उक्त स्थान यस का. बाट अं ७ कि.मि.पश्चिम पर्ने व्यहोरा जिल्ला आपतकालिन कार्य सअचालन केन्द्रमा प्राप्त भएको अवगत गरिन्छ ।

**<u>निम्न घाईतेहरु -:</u>**

१ ) जि.सि.पा. चौतारासागाचोक गढी न.पा. १४ डडुवा बस्ने बर्ष ७० को मंगल ब.सुनावर वि.क. खट्टामा चोट अबस्था मध्यम

२) ऐ.ऐ. बस्ने बर्ष २६ की कमला वि.क.टाउको र खुट्टामा चोट अबस्था मध्यम

३) ऐ.ऐ. बस्ने बर्ष ३ को अनमोल वि.क.टाउकोमा चोट अबस्था गम्भिर

४) ऐ.ऐ. बस्ने बर्ष १५ की अस्मिता वि.क.पाखरामा चोट अबस्था मध्यम

५) ऐ.ऐ. बस्ने बर्ष२१ को रामचन्द्र वि.क. टाउकोमा चोट अबस्था मध्यम

६) ऐ.ऐ. बस्ने बस्ने बर्ष ५ को देवशङकर सार्की टाउकोमा चोट अबस्था मध्यम

७) ऐ.ऐ. बस्ने बर्ष ३४ को जुना वि.क. हात र खुट्टामा चोट अबस्था मध्यम

८) ऐ.ऐ. बस्ने बर्ष २५ की सङगिता वि.क. सामान्य घाईते।

## सिन्धुपाल्चोक जिल्ला बाहृविसे नं.पा – ६ मा बोलेरो गाडी दुर्घट्ना हुदाँ तीनको मृत्यू, एघार घाईते

मिति २०७४।१०।०४ गते अं १६:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक बाहृविसे न.पा.६ सखुवा स्थित अरनिको राजमार्गमा तातोपानी बाट बाहृविसे तर्फ आउदै गरेको ना.१ च.९९५० नं बोलेरो गाडी आफै अनियन्त्रित भई पल्टिन जादा निम्न स्थान बस्ने निम्न मानिसहरु घाईते भई उपचारको लागी बाहृविसे कृष्टोन अस्पाताल ल्याईकोमा थप उपचारको लागी काठमाण्डौ तथा धुलीखेल तर्फ लगीएको,अबस्था गम्भिर उक्त घट्नास्थलमा ई.प्र.का बाहृविसेबाट प्र.नि. को कमाण्डमा १० जनाको टोलि खटि गएको,गाडी घट्नास्थलमा नै रहेको चालक ई.प्र.का.बाहृविसेको नियन्त्रणमा ,घट्नास्थल यस का. बाट अं १२ कि.मि.उत्तर पर्ने व्यहोरा जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र प्राप्त भएको अवगत गराईन्छ।

**<u>निम्न घाईते तथा मृतक हरु:-</u>**

१) **जि.सि.पा बाहृविसे न.पा. ९ बस्ने बर्ष १६ की समिक्षा गुरुंग १९:०० बजे मृत्यु । लाश धुलिखेल अस्पतालमा।**

२) **जि.सि.पा. बाह्रविसे न.पा. ८ मानेश्वरा बस्ने भिम ब.तामाङको छोरी बर्ष १४ की गोमा तामाङ (मुत्यु) लाश कृष्टोन अस्पतालमा।**
३) **ऐ.ऐ-६ बस्ने बर्ष १५ की पासाङ तामाङ (मृत्यु ) लाश धुलीखेल अस्पतालमा रहेको।**
४) जिल्ला सि.पा. बाह्रविसे न.पा. ९ राम्चे बस्ने बर्ष १९ को आशा लामा। सिरियस नर्भिक ktm रिफर।
५) ऐ.ऐ -८ मानेश्वरा बस्ने बर्ष १२ को करुण लामा धुलीखेलमा उपचार नर्भिक ktm रिफर।
६) ऐ.ऐ बस्ने बर्ष १६ की डोल्मा तामाङ ( अबस्था गम्भिर ) नर्भिक ktm रिफर ।
७) ऐ.ऐ. न.पा. ८ बस्ने बर्ष ५८ को ठाकुर प्रसाद नेपाल कृष्टोनमा उपचार पश्चात डिस्चार्ज।
८) ऐ.ऐ. बस्ने बर्ष १२ को लव गुरुंग । धुलिखेल बाट उपचार पश्चात डिस्चार्ज।
९) ऐ. बस्ने बर्ष ९ को कुश गुरुंग धुलिखेल बाट उपचार पश्चात डिस्चार्ज।
१०) ऐ.ऐ. -६ बस्ने बर्ष २० को दावा तामाङ कृष्टोनमा उपचार उपचार पश्चात डिस्चार्ज।
११) जि.सि.पा. भोटेकोशी गा.पा. ३ बस्ने बर्ष ५६ को कामी शेर्पा कृष्टोनमा अस्पतालमा उपचार पश्चात डिस्चार्ज।।
१२) ऐ.ऐ - ९ बस्ने बर्ष २२ कि जाङबो शेर्पा कृष्टोनमा उपचार उपचार पश्चात डिस्चार्ज।
१३) जि.सि.पा. त्रिपुरासुन्दरी गा.पा. ३ बस्ने बर्ष २५ को राम कुमार तिमिल्सिना कृष्टोन अस्पताल उपचार पश्चात डिस्चार्ज।
१४) जि.सि.पा. भोटेकोशी गा.पा.६ बस्ने बर्ष १५ कि कालि तामाङ कृष्टोन अस्पताल उपचार पश्चात डिस्चार्ज।

## ८. विविध कार्यक्रमहरु

"*सबल समुदाय र स्थानीय सरकार भूकम्पीय सुरक्षाको बलियो आधार*"भन्ने नारा सहित २० औ भुकम्पीय सुरक्षा दिवस – २०७४ अन्तक्रिया कार्यक्रम यहि मिति २ माघ, २०७४ मा जिल्ला समन्वय समिति, सभा हलमा सम्पन्न भयो। जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, सशस्त्र प्रहरी बल, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना गोरख बहादुर गण जिल्ला पुन: निर्माण कार्यालय, शहरी विकास तथा भवन डिभिजन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, चौतारा नगरपालिका, नेपाल रेडक्रस सोसाइटि, नेपाल पत्रकार महासंघ, गै.स.स महासंघ, जिल्ला शिक्षा कार्यालाय, जिल्ला अस्पताल, , जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, जनहित ग्रामीण सेवा समिति, टुकि संघ सुनकोसी, अक्सफाम, सबल, वल्ड भिजन, जिल्ला सामुदायिक आँखा केन्द्रकाको सहभागीमा सम्पन्न भएको थियो।

### कार्यक्रमको मुख्य उद्देश्यहरु

- "सबल समुदाय र स्थानीय सरकार भूकम्पीय सुरक्षाको बलियो आधार" भन्ने नारा सहित २० औ भूकम्प दिवस २०७४ मनाउनको निमित्त जिल्ला विपद् व्यवस्थापन समिति , जिल्ला समन्वय समिति,चौतारा साँगाचोक नगरपालिकाको संयुक्त आयोजनामा अन्तरक्रिया कार्यक्रम गर्न;
- १९९० साल, २०४५ साल, २०७२ सालको गोरखा भूकम्पमा मृत्यु भएकाहरुको सम्झनामा श्रदान्जली तथा मौन धारण गर्न;

- सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोक नगरपालिका वडा नं.- ५ मा भुकम्प स्मारक पार्कको ग्राफिक डिजाईन प्रस्तुत गरि अन्तरक्रिया कार्यक्रम गर्न;
- २०७२ सालको गोरखा भूकम्प पश्चात सिन्धुपाल्चोक जिल्लामा भईरहेको पुन: निर्माण सम्बन्धि शहरी विकास तथा भवन डिभिजन कार्यालयद्धारा प्रगति विवरण प्रस्तुत गर्न;

वि.सं. १९९० सालको भूकम्प, २०४५ सालको भूकम्प, २०७२ सालको गोरखा भूकम्प पश्चात विपद्को समयमा कसरी पुर्व तयारी रहने भन्ने बारेमा शिक्षा प्राप्त गर्नुनै मूख्य उद्देश्यहरु रहेका थिए।

**कार्यक्रम अवधिमा भएका छलफलहरु**

➢ "सबल समुदाय र स्थानीय सरकार भूकम्पीय सुरक्षाको बलियो आधार" भन्ने नारा सहित २० औ भूकम्प दिवस २०७४ मनाउनको निमित्त, जिल्ला समन्वय समितिका सभापति कृष्ण गोपाल तामाङ ज्यूको प्रमुख अतिथि, जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङ ज्यूको विशेष अतिथि एवंम् चौतारा साँगाचोक नगरपालिकाको मेयर श्री अमान सिंह तामाङ ज्यूको अध्यक्षतामा संयुक्त आयोजनामा जिल्ला विपद् व्यवस्थापन समितिका (Focal Person) श्री अनिरुद्र नेपालले कार्यक्रमको उद्घघोषकको रुपमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुभएको थियो।




➢ "सबल समुदाय र स्थानीय सरकार भूकम्पीय सुरक्षाको बलियो आधार" भन्ने नारा सहित २० औ भूकम्प दिवस २०७४ को अवसरमा शहरी विकास तथा भवन डिभिजन कार्यालयका प्रमुख श्री टंक प्रसाद गौतम ज्यूले २०७२ सालको गोरखा भूकम्पबाट सिन्धुपाल्चोकले ठुलो क्षति पुगेको र मानवीय क्षति : ३५७३ (मृत्यु) सरकारी कार्यालय तथा भवन : ४१, सरकारी विद्यालय : ५४७ ध्वस्त, जिल्ला अस्पताल १ सहित स्वास्थ्य चौकी ८० को क्षति भएको र लगभग ७८,५७३ घरको क्षति रहेको र हाल पुन: निर्माणको कार्य उच्च गतिका भईरहेको बताउनुभयो। लगभग ३२ हजार भूकम्प पिडितले

दोस्रो किस्ता लिइसकेको र जिल्लामा रहेका १४ वटा कार्यालयको भवनहरु बन्ने क्रममा सम्झौता भएको जानकारी गराउनु भएको थियो ।

- जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङ ज्यूले २० औ भूकम्प दिवस २०७४ को अवसरमा २०७२ सालको भूकम्पबाट सिन्धुपाल्चोक जिल्लामा ठुलो क्षति पुगेको र यस्ता भूकम्पबाट बच्नको निमित्त पुर्व तयारी रहि भूकम्प प्रतिरोधात्मक आवास निर्माण गर्नुपर्ने र जिल्ला रहेका सम्पुर्ण जिल्ला व्यवस्थापन समितिका सदस्यहरु मिलेर अगाडि वढ्नुपर्ने र सकेसम्म भूकम्प पिडित सिन्धुबासीहरुलाई सिन्धुपाल्चोकमा रहेका क्रसर उधोगले बालुवा तथा गिट्टिहरु निशुल्कमा उपलब्ध गराई वा कर छुट गरी मदत गर्नुपर्ने सल्लाह सुझाब दिनुभयो ।




जिल्ला विपद् व्यवस्थापन समितिलाई सम्पुर्ण संघ संस्थाहरुले हातेमालो गर्दै विपद्को क्षेत्रमा विपद् जोखिम न्यूनिकरण गर्नको निमित्त स्थानिय निकाय तथा सरोकारवाला निकायहरु एकजुट भई उदाहरणीय काम गर्नुपर्ने बताउनुभएको थियो । उहाँले भूकम्प पिडित जनतालाई पुन:निर्माणको क्रममा आवस्यक सामाग्रीहरुको कालोबजारी गर्ने तथा महँगोमा बिक्री वितरण गर्न नहुने र कालो बजारी गर्नेहरुलाई कडा कारबाहि गर्न प्रशासन तयार रहेको बताउनु भएको थियो । यसको साथै सान्दर्भिक तथा महत्त्वपुर्ण भनाईहरु राख्नु भएको थियो ।

- जिल्ला समन्वय समितिका सभापति कृष्ण गोपाल तामाङ ज्यूले २० औ भूकम्प दिवस २०७४ को अवसरमा वि.सं. १९९० सालको भूकम्प, २०४५ सालको भूकम्प, २०७२ सालको गोरखा भूकम्पबाट शिक्षा लिएर अबपनि केहि नगर्ने हो भने सदा हामीले गरेका कार्यहरुको केहि महत्व नहुने बताउनुभयो । आजको दिनबाट विगतमा गएको भूकम्पबाट शिक्षा लिएर सरोकारवाला निकाय तथा स्थानिय निकायहरु मिलि माथिल्लो निकायबाट तल्लो निकायसम्म पुन: निर्माणमा

जुट्नुपर्ने र विपद् आउनुपुर्व पुर्व तयारीमा रहनुपर्ने बताउनु भएको थियो। यहि हुनाले राम्रो तवरले हामी सबैजना एकजुट भई कामगर्नुपर्ने बताउनुभएको थियो ।

- चौतारा साँगाचोक नगरपालिकाको मेयर श्री अमान सिंह तामाङ ज्यूले आफ्नो महत्वपुर्ण भनाईहरु राख्दै चौतारा साँगाचोक नगरपालिकाले माथिल्लो निकाय देखि तल्लो स्थानिय निकायसम्म भूकम्प पिडित सिन्धुबासीलाई नदिजन्य वस्तु गिट्टि, बालुवा पुन:निर्माण गर्नको निमित्त सहयोग उपलब्ध गराउन कुरा उठाउने बारेमा जोड दिनुभएको थियो । यसको साथै अन्तक्रिया कार्यक्रम उँहाको अध्यक्षतामा समापन गर्नु भएको थियो ।

## जिल्ला विपद् प्रतिकार्य समुह तालीम सम्पन्न

सिन्धुपाल्चोक जिल्ला शाखा नेपाल रेडक्रस सोसाईटि तथा नर्वेजियन रेडक्रसको आयोजनामा यहि मिति २०७४।१०।०४ देखि २०७४।१०।०९ गतेसम्म जिल्लामा रहेका रेडक्रस सोसाईटिका उपशाखाका प्रतिनिधि तथा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रका प्रतिनिधि सुरक्षा निकायहरु नेपाली सेना, सशस्त्र प्रहरी बल, जिल्ला प्रहरीका कर्मचारी लगायत २६ जनाको समुहलाई जिल्लाको जिल्ला स्तरमा विपद् तथा पुर्वतयारीको दुवै गतिविधिहरु सञ्चालनको लागी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । यस तालिमको मूख्य उद्देश्य भनेको नै जिल्लाका तालीम प्राप्त स्वयंसेवक तथा कर्मचारीहरु जसलाई उनीहरुको प्राविधिक क्षमता। भौगोलिक जानकारी र विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्न वा विपद् परेको ० देखि २४ घण्टाभित्र १ हप्तासम्मका लागि प्रतिकार्य गर्न जिल्ला भित्र कुनैपनि समय तथा क्षेत्रमा परिचालन गर्नको निमित्त प्राविधिक रुपमा सक्षम बनाई विपद्को पुर्वतयारीमा नै विपद् प्रतिकार्य समुहलाई दक्ष बनाउनुनै यस तालिमको मूख्य उद्देश्य रहेको छ ।

### ९.जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, सिन्धुपाल्चोकको काम कर्तव्यहरु:

- ✓ जिल्लाको कुनै पनि विपद्को सम्भावनाको पूर्वसुचनाको ग्रहण तथा पूर्वचेतावनीको प्रवाह, विपद्को घटनापछि राष्ट्रिय र क्षेत्रीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, छिमेकी जिल्ला र स्थानीय सरोकारवाला बीच प्रभावकारी समन्वय गरी विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने;
- ✓ विपद जोखिमसँग सम्बन्धित घटनाहरुको संकलन तथा व्यवस्थापन गरी मासिक घटना प्रतिवेदन तयार गर्ने र उक्त घटनाहरुको विवरण क्षेत्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रमा जानकारी गराउने तथा www.drrportal.gov.np मा राख्ने;
- ✓ जिल्लामा घटेका घटनाहरुको विवरण प्रत्येक ३-३ घण्टामा क्षेत्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रमा जाहेर गर्ने गराउने तथा रेडियो सञ्चार सेटको माध्यमबाट छिमेकी जिल्लासँग पनि आवश्यक समन्वय गरी खबर आदनप्रदान गर्ने;
- ✓ जिल्लामा घटेका घटनाहरुको विवरण यस केन्द्रमा चौबिसै घण्टा संकलन गर्ने गराउने;
- ✓ जिल्ला स्थित विपद् व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्ति र महत्वपूर्ण सम्पर्क नं. हरु अद्यावधिक गर्ने गराउने;
- ✓ विपद्सँग सम्बन्धित घटनाहरुको विवरण संकलन र व्यवस्थापन गर्ने गराउने;

- ✓ विपदसँग सम्बन्धित पुस्तकहरुको संकलन गर्ने तथा त्यसको व्यवस्थापन गर्ने गराउने;
- ✓ जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) र जिल्ला विपद् व्यवस्थापन तथा प्रतिकार्य समिति (DMPC) सँग समन्वयात्मक भूमिका निभाउने;
- ✓ प्राकृतिक प्रकोपसँग (बाढी, पहिरो, आगलागी, असिनापानी आदी) सम्बन्धि कुनै पनि घटना घटे तत्काल समन्वय र सहकार्य गरी कार्यसञ्चालन गर्ने गराउने;
- ✓ जिल्ला स्थित सुरक्षा निकाय, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी र अन्य संघ संस्थाहरु तथा सरोकारवाला निकायहरुसँग सुचना आदनप्रदान गर्ने गराउने;
- ✓ कुनै पनि विपदसँग सम्बन्धित घटना घटि सञ्चार आदनप्रदानमा कुनै पनि समस्या भएमा यस केन्द्रमा रहेको सञ्चार उपकरणको सहायताद्वारा तत्काल सुचना आदनप्रदान गर्ने गराउने;
- ✓ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) को अद्यावधिक गराउने कार्यमा सहयोग पुर्याउने;
- ✓ जिल्लामा रहेका पूर्वचेतावनी प्रणाली (Early Warning System) हरुको बारेमा जानकारी लिई सर्वसाधरणमा त्यस प्रणालीबाट प्राप्त सुचना प्रवाह गर्ने;
- ✓ यस केन्द्रमा भईपरी आएका अन्य विविध गतिविधिहरु सम्बन्धित विज्ञहरुसँग परामर्श लिई कार्य गर्ने गराउने;
- ✓ यस जिल्ला स्थित सुरक्षा निकाय, रेडक्रस, संघसंस्थाहरु संग भएका खाद्य, गैर खाद्य, खोज तथा उद्धार सामाग्रीहरुको विवरण राख्ने;
- ✓ जिल्लामा रहेका सरोकारवाला निकायहरुसँग विपद् जोखिम न्युनिकरण सम्बन्धि कार्यक्रमहारुको बारेमा जानकारी राख्ने;
- ✓ जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) को कार्यालयलाई विपद् जोखिम न्यूनिकरण व्यवस्थापनको निमित्त पुर्व तयारी रहन एक उदाहरणीय सुचना केन्द्र बनाउने;
- ✓ विपद् व्यवस्थापन समितिका खोज तथा उद्दार एवंम प्राथमिक उपचारका कार्यदल र स्थानीय तहका स्वयंसेवकहरुको सम्पर्क नम्बर राख्नुनै महत्त्वपुर्ण काम कर्तव्यहरु हुन्।



जिल्ला प्रशासन कार्यालय

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक

सम्पर्क नं.: ०११-६२०४७०


ईमेल: deoc.sindhupalchok@gmail.com

जिल्ला प्रशासन कार्यालय

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक

सम्पर्क नं.: ०११-६२०४७०

ईमेल: deoc.sindhupalchok@gmail.com




चित्र: जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको संगठनात्मक स्वरुप

**तयार गर्ने**

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र

सुचना व्यवस्थापन अधिकृत : रबिन्द्र खड्का

**स्वीकृत गर्ने**

अस्मान तामाङ

( प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक
सम्पर्क नं.: ०११-६२०४७०
ईमेल: deoc.sindhupalchok@gmail.com